जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

## राष्ट्रिय दैनिक Samvahak National Daily




वर्ष : ३ | अंक : २०६ | २०८२ साल फागुन ८ गते, शुक्रबार | Friday, Feb.– 20 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

# रौतहट–४ मा परिवर्तनको आँधी : जसपा नेपालका राजकुमार दासको जिततर्फ बलियो अग्रसरता

***संवाहक सम्वादाता***-*७ फागुन, कलैया*

रौतहट निर्वाचन क्षेत्र नम्बर ४ यतिबेला प्रतिनिधिसभा निर्वाचनको सबैभन्दा चर्चित क्षेत्रका रूपमा उभिएको छ। जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) का उम्मेदवार राजकुमार दासले समावेशी प्रतिनिधित्व, सामाजिक न्याय र मधेशी अधिकारको मुद्दालाई केन्द्रमा राख्दै सशक्त चुनावी अभियान अघि बढाएका छन्। मधेशी दलित समुदायबाट उदाएका दासलाई यसपटक परिवर्तन, साहस र समावेशीताको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ।



वर्षौंदेखि मधेश आन्दोलन र अधिकार मुखी संघर्षमा सक्रिय दास आन्दोलनबाट खारिएका नेताका रूपमा परिचित छन्। उनले दलित, मुस्लिम, जनजाति तथा अन्य सिमान्तकृत समुदायको राजनीतिक हिस्सेदारी सुनिश्चित गर्नुपर्ने मागलाई निरन्तर उठाउँदै आएका छन्। उनका अनुसार लामो समयदेखि यी समुदाय मतदाताका रूपमा प्रयोग भए पनि नीति निर्माण र राज्य सञ्चालनमा समान सहभागिता पाउन सकेका छैनन्। “भोट मात्रै होइन, अधिकार र निर्णय प्रक्रियामा बराबरी सहभागिता चाहिन्छ,” भन्ने उनको भनाइ चुनावी सभाहरूमा गुञ्जिने गरेको छ।

घरदैलो अभियानका क्रममा गाउँ-टोलमा देखिएको उत्साहलाई उनका समर्थकहरूले परिवर्तनको स्पष्ट संकेत मानेका छन्। विशेषगरी दलित बस्ती र ग्रामीण क्षेत्रमा उल्लेख्य

बाँकी तेस्रो पृष्ठमा

# बारा–२ मा जसपा नेपालका जनाधर भएको उम्मेद्वार रामकिशोर यादवको अथक चुनावी अभियानले पकड मजबुत

***संवाहक सम्वादाता***-*७ फागुन, कलैया*

बारा निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा निर्वाचनको सरगर्मी चुलिँदै जाँदा जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) का उम्मेदवार रामकिशोर यादवले चुनावी अभियानलाई व्यापक र संगठित ढंगले अघि बढाएका छन्। घरदैलो कार्यक्रमलाई मुख्य रणनीति बनाउँदै उनले पचरौता नगरपालिका, सुवर्ण गाउँपालिका, करैयामाई गाउँपालिका, देवताल गाउँपालिका र महागढीमाई नगरपालिकामा सम्पर्क कार्यालय स्थापना गरी संगठनलाई सक्रिय पारेका छन्।






अगुवा कार्यकर्ता भेला, जनता जागरण सभा, मतदाता संवाद तथा गुनासो सुनुवाइ कार्यक्रममार्फत यादवले मधेश र मधेशीको पहिचान, संघीयताको रक्षा तथा दलित, मुस्लिम, जनजाति र आदिवासी समुदायको एकतामा जोड दिएका छन्। संघर्षशील, स्पष्ट वक्ता र मधेश आन्दोलनका अग्रमोर्चाका नेताका रूपमा परिचित यादवलाई यस क्षेत्रका मतदाताले निडर र अनुभवी नेतृत्वको रूपमा हेर्ने गरिएको छ। सादगी जीवनशैली र लामो राजनीतिक अनुभव उनको अभियानको मुख्य बलका रूपमा प्रस्तुत गरिएको छ।

जसपा नेपालको पकड क्षेत्र मानिने बारा-२ मा यसपटक पनि जनाधार बलियो देखिएको पार्टी स्रोतको दाबी छ। क्षेत्र अन्तर्गतका दुई स्थानीय तहमा जसपा नेपालका गाउँपालिका

बाँकी तेस्रो पृष्ठमा

# “घन्टी”बाट काँग्रेसतर्फ ममता शर्मा : बारा रास्वपामा तरंग

***संवाहक सम्वादाता***-*७ फागुन, कलैया*

मधेश प्रदेशमा ‘घन्टी’को संगठन निर्माणमा सक्रिय रहँदै आएकी ममता शर्माले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) परित्याग गरी नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेपछि बारा जिल्लाको राजनीतिक वृत्तमा उल्लेखनीय हलचल देखिएको छ। संस्थापक प्रदेश सभापतिको रूपमा परिचित शर्माको राजीनामालाई सामान्य आन्तरिक असन्तुष्टिभन्दा बढी, मधेशको बदलिँदो राजनीतिक प्रवृत्तिको संकेतका रूपमा व्याख्या गर्न थालिएको छ। जनकपुरस्थित काँग्रेसको प्रदेश सभामा सहभागिता जनाउँदै उनले नयाँ राजनीतिक यात्रा प्रारम्भ गरेकी छन्।



शर्माले अघिल्लो निर्वाचनका क्रममा मधेश प्रदेशमा उम्मेदवार छनोट र संगठन सञ्चालन प्रक्रियामा गम्भीर असन्तुष्टि रहेको बताएकी छन्। उनका अनुसार केही उम्मेदवारहरू एमाले र काँग्रेससँग ‘खरिद-बिक्री’को सिकार बनेका कारण पार्टी कमजोर बनेको थियो र त्यही प्रवृत्ति पुनः दोहोरिन सक्ने संकेत देखिएपछि आफूले पार्टी त्याग्ने निर्णय लिएको हो। उनको यो अभिव्यक्तिले रास्वपाभित्र आन्तरिक समीक्षा र आत्ममन्थनको अवस्था सिर्जना गरेको छ।

बारामा रास्वपाको जिल्ला नेतृत्वसमेत दबाबमा परेको चर्चा छ। केही पदाधिकारी असन्तुष्ट रहेको र थप राजीनामाको सम्भावना रहेको

बाँकी तेस्रो पृष्ठमा

# पिप्राविर्तामा मोटरसाइकल चोरीको आतंक : सुरुङ काटेर घरफोडी, प्रहरी निष्क्रिय भन्दै स्थानीय आक्रोश

***संवाहक सम्वादाता***-*७ फागुन, कलैया*

महागढीमाई नगरपालिका - ९ पिप्राविर्तामा पछिल्लो समय चोरीका घटनाले आतंकित बनेको छ। विशेषगरी मोटरसाइकल चोरीको श्रृंखलाले गाउँ नै त्रसित भएको स्थानीय बताउँछन्। एक वर्षको अवधिमा यस वडाबाट मात्रै एक दर्जनभन्दा बढी मोटरसाइकल चोरी भएको दाबी गरिए पनि हालसम्म एउटा पनि प्रभावकारी रूपमा बरामद हुन नसक्दा सुरक्षा संयन्त्रको कार्यक्षमतामाथि गम्भीर प्रश्न उठेको छ।








सोमबार राति गाउँ सुनसान भएपछि संगठित गिरोह गाउँबाहिर नदी किनारमा लुकेर बसेको स्थानीयले बताएका छन्। केही युवाले चाल पाएर हल्ला गरेपछि चोरहरू भागेका थिए। प्रहरीलाई खबर गरिए पनि घटनास्थल पुग्दासम्म गिरोह फरार भइसकेको थियो। तर त्यही रात उत्तर टोल पिप्रामा अष्टयामका लागि जम्मा गरेर राखिएको लत्ताकपडा र नगद चोरी भयो। घरको मुख्य ढोका सुरक्षित रहे पनि पछाडिबाट सुरुङ बनाएर प्रवेश गरिएको पीडित जयलाल राउत कुर्मीले जानकारी दिए। बिहान मात्र घटना थाहा भएको थियो। सोही रात बलुवा टोलका तीन घरमा समेत चोरी भएको छ।

यसअघि पनि पिप्राविर्तामा सुरुङ काटेर घरफोडी गर्ने शैली दोहोरिँदै आएको छ। गत वर्ष दक्षिण टोलमा रामनारायण राउत कुर्मीको घरबाट नगद तथा सरसामान चोरी भएको थियो। एक हप्ता अगाडी बेह्री ( भकारी) बाट धान चोरिएको घटना

बाँकी तेस्रो पृष्ठमा

# कांग्रेसको १९ बुँदे प्रतिज्ञा पत्र सार्बजनिक

***संवाहक सम्वादाता***-*७ फागुन, कलैया*

नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले मधेश प्रदेशको जनकपुरधाममा पार्टीको १० बुँदे प्रतिज्ञापत्र सार्वजनिक गर्दै आगामी पाँच वर्षमा देशमा स्थिरता, सुशासन र नागरिक केन्द्रित परिवर्तन ल्याउने आफ्नो लक्ष्यको प्रतिवद्धता जनाएका छन्। सभापति थापाले प्रतिज्ञा गरे कि अबको नेपालमा “प्रश्न गर्दा गोली नचल्ने” अवस्था कायम हुनेछ र भदौ २३-२४ जस्ता हिंसात्मक घटनाको पुनरावृत्ति रोक्ने प्रयास गरिनेछ।



यस प्रतिज्ञासभामा थापाले विगतका गल्तीहरूको आत्म-विश्लेषण गर्दै पार्टीको सुधार योजना प्रस्तुत गरे। उनले भने, “हामीले अबको पाँच वर्ष खेर नफाल्ने, गल्ती सुधार्ने र देशका आमजनताका अपेक्षा अनुसार काम गर्ने निर्णय गरेका छौँ।” कांग्रेसले विशेषगरी युवा वर्गको भावना सम्बोधन गर्ने योजना बनाएको छ, जसले राजनीतिक असन्तोषलाई शान्त र रचनात्मक ढंगले व्यवस्थापन गर्ने आशा जगाउँछ।

प्रतिज्ञापत्रमा पार्टीले नागरिक सम्मान, समानता र विधिको शासनलाई पहिलो प्राथमिकतामा राख्ने स्पष्ट संकेत दिएको छ। जात, धर्म, लिङ्ग वा क्षेत्रका आधारमा हुने विभेदलाई अन्त्य गर्ने, सत्ता-शक्तिको पहुँचको आधारमा पाइने विशेषाधिकार समाप्त पार्ने र भ्रष्टाचार नियन्त्रण गर्ने विषयमा पार्टी प्रतिबद्ध रहेको छ। साथै प्रशासनिक सेवा सहज, छिटो र नागरिकमैत्री बनाउने योजना पनि प्रतिज्ञापत्रमा समावेश गरिएको छ। अर्थतन्त्र र रोजगारीको क्षेत्रमा, कांग्रेसले निजीक्षेत्र प्रवर्द्धन, लगानीमैत्री वातावरण निर्माण, स्वदेशमै रोजगारी सिर्जना र वैदेशिक पलायन रोक्ने रणनीति प्रस्तुत गरेको छ। कृषिलाई मर्यादित पेशा बनाउने, प्रविधि र बजार व्यवस्थापन मार्फत किसानमुखी नेपाल निर्माण गर्ने र पर्यटन, ऊर्जा तथा पूर्वाधार विकासलाई समृद्धिको आधार बनाउने योजना पनि प्रतिज्ञामा स्पष्ट गरिएको छ।

प्रतिज्ञासभामा कांग्रेसका

बाँकी तेस्रो पृष्ठमा



"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

# सीमाबाट विषाक्त माछा भित्रिँदै: जनस्वास्थ्यसँग खेलवाड बन्द गर

नेपाल-भारत सीमावर्ती क्षेत्र हुँदै विषाक्त तथा रसायन मिसाइएका माछा नेपाल भित्र्याइँदै गरेको आशंकाले गम्भीर चिन्ता जन्माएको छ। बारा र रौतहटको सीमाक्षेत्र, विशेषगरी अरुवा खोला बाँध आसपासको नाका अवैध ओसारपसारको मार्गका रूपमा प्रयोग भइरहेको विवरणले सुरक्षा संयन्त्र र प्रशासन दुवैको प्रभावकारितामाथि प्रश्न उठाएको छ। यदि खाद्यवस्तुमा 'फर्मालीन' जस्तो औद्योगिक रसायन प्रयोग भइरहेको हो भने यो केवल कानुनी उल्लंघन मात्र होइन–यो सिधै जनस्वास्थ्यमाथिको आक्रमण हो।

फर्मालीन दीर्घकालीन रूपमा कलेजो र मिर्गौलामा गम्भीर असर पुऱ्याउन सक्ने रसायन हो। तत्काल पेट दुख्ने, बान्ता, झाडापखाला जस्ता समस्या त देखिन्छन् नै, दीर्घकालीन असर झन् भयावह हुन सक्छ। उपभोक्ताको भान्सासम्म पुग्ने खाद्यान्नमै विष मिसिनु राज्य संयन्त्रका लागि लज्जास्पद अवस्था हो। सीमास्तम्भ नजिक अस्थायी भण्डारण, रातिको समयमा मोटरसाइकलमार्फत ढुवानी, र साना बजारमा वितरण–यी सबै विवरणले संगठित ढंगले भइरहेको गतिविधितर्फ संकेत गर्छन्। यो विषयलाई सामान्य तस्करीका रूपमा हेर्न मिल्दैन। खाद्य सुरक्षासँग जोडिएको अपराध समाजविरुद्धको अपराध हो। त्यसैले सीमाक्षेत्रमा संयुक्त गस्ती, सिसिटिभी निगरानी, शंकास्पद खेपको तत्काल नमुना परीक्षण र दोषीमाथि कडा कारबाही अपरिहार्य छ। जिल्ला प्रशासन, प्रहरी र भन्सार कार्यालयबीच प्रभावकारी समन्वय हुनुपर्छ। बजारमा उपलब्ध माछाको आकस्मिक अनुगमन र प्रयोगशाला परीक्षण नियमित गरिनुपर्छ। साथै, उपभोक्तालाई पनि सचेत गरिनु जरुरी छ। अस्वाभाविक रूपमा चम्किलो, असामान्य गन्ध भएको वा अस्वाभाविक रूपमा लामो समयसम्म ताजा देखिने माछाप्रति सतर्कता अपनाउनुपर्छ। स्थानीय तहले जनचेतनामूलक अभियान सञ्चालन गरी जोखिमबारे स्पष्ट जानकारी दिनुपर्छ।

जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा ढिलाइ क्षम्य हुँदैन। सरोकारवाला निकायले तत्काल छानबिन गरी तथ्य सार्वजनिक गर्नुपर्छ र दोषीलाई कानुनको दायरामा ल्याउनुपर्छ। नागरिकको स्वास्थ्य र जीवनमाथि कुनै पनि प्रकारको खेलवाड सह्य हुन सक्दैन। सीमाबाट विषाक्त माछा भित्रिने क्रम रोकिनुपर्छ–अहिल्यै, कडाइका साथ।

# निर्वाचन र मतदाता शिक्षा

लोकतान्त्रिक अभ्यास परिपक्व भएका मुलुकमा प्रचार अभियानलाई जनमत निर्माणको मनोवैज्ञानिक साधनका रूपमा लिइन्छ। यसका निम्ति दल तथा उम्मेदवारले विभिन्न प्रचार माध्यम, प्रविधि र मनोवैज्ञानिक रणनीति अवलम्बन गर्छन्। निर्वाचनमा प्रचार अभियान जति सशक्त र प्रभावकारी हुन्छ त्यति नै मतदाताको सोच, धारणा, निर्णय र व्यवहारमा सकारात्मक प्रभाव पर्छ।



डा. जानकीकुमारी तुलाधर



सवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष तथा विश्वसनीय वातावरणमा सम्पन्न गर्नु निर्वाचन आयोगको प्रमुख दायित्व हो। निर्वाचन सफल बनाउन सुसूचित मतदाताको सक्रिय सहभागिता अत्यावश्यक हुन्छ। आमनागरिकलाई निर्वाचन प्रक्रिया, मताधिकारको महत्व तथा मतदान विधिबारे समयमै जानकारी दिन मतदाता शिक्षा एवं निर्वाचन शिक्षाको भूमिका महत्वपूर्ण हुन्छ। मतदातालाई मतदान विधि, मतपत्रको सही प्रयोग, आचारसंहिता र गलत सूचनाबाट बच्ने उपायबारे जानकारी दिने कार्य निर्वाचनको मिति तय भएसँगै आयोगबाट क्रमशः हुँदै आएको छ। नेपालको संविधान, निर्वाचनसम्बन्धी प्रचलित कानुन, मतदाता शिक्षा नीति, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ बमोजिम निर्वाचन आयोगले मतदाता शिक्षा तथा निर्वाचन प्रचारप्रसार गर्ने उद्देश्यले 'मतदाता शिक्षा विशेष कार्यक्रम' तयार गरेर आसन्न निर्वाचनका लागि फागुन ३ गतेदेखि १७ गतेसम्म देशभरका छ हजार ७४३ वडामा मतदाता शिक्षा स्वंयसेवकमार्फत मतदाता शिक्षा प्रदान गर्न थालिएको छ। आमसञ्चार माध्यम, सामाजिक सञ्जाल तथा स्वयंसेवक परिचालनमार्फत सञ्चालन गरिने मतदाता शिक्षा कार्यक्रमबाट मतदातालाई सही, तथ्यपरक र उपयोगी जानकारी प्रदान गर्नु, जिम्मेवार र सचेत मतदान संस्कृतिको विकास गर्नु, मतदाता सहभागिता वृद्धि गर्नु, बदर मत घटाउनुलगायतका उद्देश्य राखिएका छन्। मतदाता शिक्षा स्वयंसेवकले घरदैलो तथा विद्यालयस्तर कार्यक्रम सञ्चालन गरेर आममतदातालाई मतदान प्रक्रिया र निर्वाचनमा मताधिकार प्रयोगको महत्वको बारेमा विस्तृतमा जानकारी दिने छन्। स्वयंसेवकले घर घरमा पुगेर मतदाता शिक्षा प्रदान गर्ने, विद्यालयमा विद्यार्थीमार्फत अभिभावकलाई जानकारी दिने, स्थानीय भाषामा सचेतना फैलाउने कार्य सुरु गरिसकेका छन्। मतदाता शिक्षा स्वयंसेवकले मतदाताको घरदैलो भ्रमण गरेर नमुना मतपत्र देखाएर मतदान सिकाउने कार्य जोडतोडका साथ गरिरहेका छन्। आयोगका अधिकारिक सामाजिक सञ्जाल प्रयोगबारे पनि जानकारी दिइरहेका छन्। आयोगका सामाजिक सञ्जालबाट प्रवाह भइरहेका मतदाता शिक्षासँग सम्बन्धित सामग्री कसरी हेर्ने भन्ने बारेमा पनि जानकारी दिइरहेका छन्। निर्वाचन आचारसंहिता जानकारी गराउने, मतदाताका जिज्ञासाको समाधान गर्ने र दैनिक प्रतिवेदन पेस गर्ने कार्य मतदाता शिक्षा स्वयंसेवकबाट भइरहेको छ। 'म निर्वाचनमा सहभागी हुन्छु' अभियानमार्फत राष्ट्रपति र प्रधानमन्त्रीलगायतका व्यक्तित्वबाट १ मिनेटको सन्देशमूलक भिडियो प्रसारण गरिने छ। मतदानको दिन प्रमुख निर्वाचन आयुक्तको तर्फबाट सबै मतदातालाई मतदानका लागि आह्वान गर्दै एसएमएस पठाइने छ। रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान, रासस, प्रेस काउन्सिल र विज्ञापन बोर्डसँग छुट्टाछुट्टै सम्झौता गरी मतदाता शिक्षा प्रचारप्रसार गर्ने व्यवस्था गरिएको छ। सन्देशमूलक गीत एवं लघु भिडियो सामग्रीमार्फत पनि मतदाता शिक्षा प्रदान गर्न थालिएको छ। आयोगले डिजिटल माध्यमबाट मतदाता शिक्षा प्रदान गरिरहेको छ। आयोगको आधिकारिक वेबसाइट, सामाजिक सञ्जालका पेज आदिमार्फत मतदाता शिक्षा प्रदान गरिरहेको छ। निर्वाचन सरोकारवालाका लागि विभिन्न प्रकारका तालिममार्फत पनि आयोगले मतदाता शिक्षा प्रदान गर्दै आइरहेको छ।

***मतदाता शिक्षाको महत्व***

कुनै पनि निर्वाचनमा मतदाता सहभागितालाई राजनीतिक सचेतना, सामाजिक जिम्मेवारी र नागरिक संलग्नताको उच्चतम अभिव्यक्तिका रूपमा लिइन्छ। यसले निर्वाचनप्रतिको नागरिकको आत्मा स्वाभिमानको अठोट र सामाजिक न्यायको सङ्कल्पलाई उजागर गर्छ। लोकतान्त्रिक व्यवस्थामा हुने निर्वाचनमा मतदाताको सहभागिता जति धेरै हुन सक्यो त्यसबाट लोकतान्त्रिक शासन प्रणाली अझै सुदृढ र दर्बिलो हुँदै जानेछ। जब नागरिक आफ्ना अधिकारप्रति सचेत र जागरुक भएर मतदाताका रूपमा दर्ता हुन्छन् र निर्वाचनमा सुसूचित मतदाता भएर आफ्नो सहभागिता जनाउँछन् तब मात्र शासनप्रतिको नागरिक अपनत्व बढ्छ। आममतदातालाई मतदानमा सहभागी हुन प्रेरणा प्रदान गर्नु, निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं मितव्ययी रूपमा सम्पन्न गर्नु मुख्य जिम्मेवारी हो। यसै गरी सुसूचित मतदाता तयार गर्नु, निर्वाचनमा अर्थपूर्ण जनसहभागिता गराउनु, योग्य मतदाताको मतदानमा सहभागिता अभिवृद्धि गर्दै बदर मत न्यूनीकरण गर्नु, अमूल्य मतको महत्व बुझाउनु र योग्य प्रतिनिधि चयन गर्न सहयोग गर्नु मतदाता शिक्षाको उद्देश्य हो।

***के हो मतदाता शिक्षा ?***

मतदातालाई सही तरिकाले मतदानका लागि तयारी अवस्थामा राख्न निर्वाचन आयोग र उसको स्वीकृतिमा अन्य संस्थाद्वारा सञ्चालन गरिने शिक्षा नै मतदाता शिक्षा हो। मतदाता शिक्षाले मतदातालाई मतदान गर्ने सही तरिका सिकाउनुका साथै मतदानको महषवका बारेमा समेत बोध गराउँछ। मतदाता शिक्षा निर्वाचन कार्यक्रमसँग सम्बन्धित हुन्छ। मतदातालाई लक्षित गरी मतदानमा मतदाताको धेरैभन्दा धेरै सहभागिताका लागि मतदाता शिक्षा प्रदान गरिन्छ। मतदाता शिक्षा छापा माध्यम, रेडियो, टेलिभिजन, घरदैलो, आमपहुँच कार्यक्रम, नमुना मतदान कार्यक्रम, सामाजिक सञ्जाल माध्यमबाट सबै मतदाता समेट्ने गरी आयोगले बृहत् रूपमा सञ्चालन गर्ने गर्छ।

***के हो निर्वाचन शिक्षा ?***

लोकतन्त्र, संविधान, शासन प्रणाली, सुशासन, निर्वाचन प्रक्रिया, निर्वाचन पद्धति, निर्वाचन प्रणाली, नागरिक कर्तव्य र अधिकार, सरोकारवालाको भूमिका, राजनीतिक दललगायतका विषयमा आममतदाता तथा नागरिक सबैलाई निरन्तर रूपमा दिइने निर्वाचन शिक्षा हो। निर्वाचन व्यवस्थापन गर्ने निकायलगायत निर्वाचन सम्बद्ध सरोकारवाला संस्थाले निरन्तर रूपमा निर्वाचन शिक्षा प्रदान गरी नागरिकलाई राजनीतिक अधिकारको उपयोग सही तरिकाले गर्न सक्षम तुल्याउँछ। मतदाता शिक्षा निर्वाचन शिक्षा अन्तर्गत पर्छ। निर्वाचन शिक्षा आममतदाता तथा नागरिक सबैलाई प्रदान गरिन्छ भने मतदाता शिक्षा निर्वाचनका कुनै कार्यक्रममा आधारित भई मतदातालाई मात्र प्रदान गरिन्छ। निर्वाचन शिक्षाका विषयवस्तु लोकतन्त्र, शासकीय प्रणाली, निर्वाचन प्रणाली जस्ता फराकिला हुन्छन् भने मतदाता शिक्षाका विषयवस्तु निर्वाचन र मतदान कार्यसँग मात्र सीमित रहेका हुन्छन्। निर्वाचन शिक्षा नागरिक शिक्षाको एक अङ्गका रूपमा निरन्तर चलिरहन्छ भने मतदाता शिक्षा निर्वाचनका समयमा मात्र सञ्चालन हुन्छ। निर्वाचन शिक्षा प्रदान गर्न निर्वाचन आयोगले काठमाडौँलगायत कोशी प्रदेशको विराटनगर, गण्डकी प्रदेशको पोखरा, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र स्थापना गरी निर्वाचन शिक्षा कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरिरहेको छ। त्यसै गरी ७७ वटै जिल्ला निर्वाचन कार्यालयबाट विद्यालयस्तरमा निर्वाचन शिक्षा कार्यक्रम तथा सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण सञ्चालन गर्दै आएको छ। सहजै पहुँच नपुगेका समुदाय र क्षेत्रमा प्रविधिमार्फत घुम्ती निर्वाचन शिक्षा तथा नमुना मतदान अभ्यासबाट निर्वाचन शिक्षा सञ्चालन गरिँदै आएको छ।

***निर्वाचनमा मतदाता सूचना***

मतदातालाई मतदान गर्न सजिलो पार्ने उद्देश्य राखी सम्प्रेषण गरिएका सूचना नै मतदाता सूचना हुन्। मतदान गर्न कहाँ र कहिले जाने ? मतदान गर्न जाँदा आवश्यक पर्ने कागज वा प्रमाण के हुन् ? लगायतका जानकारी मतदाता सूचनाले प्रदान गर्छ। निर्वाचन आयोगले यस्ता सूचना रेडियो, टेलिभिजन, पोस्टर, पम्प्लेट, सामाजिक सञ्जाल आदि माध्यमबाट मतदातासमक्ष पुऱ्याउँदै आएको छ।

***नमुना मतदानमार्फत मतदाता शिक्षा***

निर्वाचनलाई जस्ताको तस्तै बुझ्न र बुझाउनका लागि निर्वाचनमा भाग लिने मतादाताको सहभागितामा उनीहरूलाई नै भूमिका अभिनय गर्न लगाई गरिने मतदानको अभ्यास नै नमुना मतदान हो। यसबाट मतदातामा निर्वाचनप्रति आकर्षण बढाउन, सहभागिता वृद्धि गर्न एवं बदर मत प्रतिशत घटाउन सहयोग पुग्न जान्छ। निर्वाचनका समयमा निर्वाचन आयोगले देशका विभिन्न स्थानमा मतदाताका बिचमा गई नमुना मतदान अभ्यास गराउँछ। नमुना मतदानमा सहभागी हुनेहरूले निर्वाचन र मतदानको प्रक्रिया सरल र सहज ढङ्गले बुझ्ने छन्।

***निर्वाचन प्रचारप्रसार र मतदाता शिक्षा***

निर्वाचन प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्न तथा राजनीतिक दल र उम्मेदवारलाई जनसंवादको मार्ग प्रशस्त गर्न कुनै पनि निर्वाचनमा निर्वाचन प्रचारप्रसार अनिवार्य मानिन्छ। आसन्न निर्वाचनका लागि पनि राजनीतिक दल एवं उम्मेदवारले निर्वाचन प्रचारप्रसार गर्न पाउने अवधि फागुन ४ गतेदेखि सुरु भइसकेको छ। दल एवं उम्मेदवारले १५ दिन जुलुस, आमसभा, कोणसभा, बैठक, भेला आदिमार्फत निर्वाचन प्रचारप्रसार गर्न पाउँछन्। सामान्यतः कुनै पनि निर्वाचन सम्पन्न हुनुभन्दा निश्चित समयावधि अगाडिदेखि निर्वाचन प्रक्रियालाई प्रभावशाली र निर्णायक बनाउन राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचार अभियान सञ्चालन गर्छन्। प्रचार अभियानको मुख्य उद्देश्य उम्मेदवार वा दलको नीति, सिद्धान्त, विचार, योजना, कार्यक्रम, प्रतिबद्धता र दृष्टिकोण जनसमक्ष पुऱ्याउनु हो। यसले मतदातामा जानकारी सम्प्रेषण गरी निर्वाचनप्रतिको आम रुचि र आकर्षण जगाउन सहयोग गर्छ। निर्वाचनमा सहभागी उम्मेदवार तथा दलका नेताहरूले आफ्ना योजना, धारणा र सोच प्रस्तुत गरी राजनीतिक संवादलाई जीवन्त बनाउने माध्यम प्रचार अभियान हो। यो विशेषतः मतदातालाई प्रभावित पार्न, साङ्गठनिक विस्तार गर्न, सैद्धान्तिक जागरण ल्याउन, आफ्नो दल र उम्मेदवारप्रति आकर्षण बढाई समर्थन जुटाउन र अन्ततः मतदानबाट आफ्नो जित सुनिश्चित गर्न केन्द्रित हुन्छ। लोकतान्त्रिक अभ्यास परिपक्रुव भएका मुलुकमा प्रचार अभियानलाई जनमत निर्माणको मनोवैज्ञानिक साधनका रूपमा लिइन्छ। यसको निम्ति दल तथा उम्मेदवारले विभिन्न प्रचार माध्यम, प्रविधि र मनोवैज्ञानिक रणनीति अवलम्बन गर्छन्। निर्वाचनमा प्रचार अभियान जति सशक्त र प्रभावकारी हुन्छ त्यति नै मतदाताको सोच, धारणा, निर्णय र व्यवहारमा सकारात्मक प्रभाव पर्छ। निश्चित कानुनी आधार र नैतिक आचरणका मापदण्ड अनुसार लोकतान्त्रिक मूल्य, निष्पक्ष प्रतिस्पर्धा र नागरिक सहभागितालाई केन्द्रमा राखेर सञ्चालित हुने निर्वाचन प्रचार अभियानले सुसूचित मतदाता तयार पार्न पनि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## भेनेजुएलाका कार्यवाहक राष्ट्रपति र अमेरिकी सैन्य अभियान प्रमुखबिच भेटवार्ता

***काराकास, फागुन ७ गते ।*** भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेज र अमेरिकी सैन्य अपरेसनका प्रमुखसँग भेट वार्ता भएको जनाइएको छ। रोड्रिगेजको सरकार र युएस साउदर्न कमान्डले सामाजिक सञ्जाल मार्फत छुट्टै भ्रमणको घोषणा गरेको जनाइएको छ ।



रोड्रिगेजको प्रेस कार्यालयले मरीन जनरल डोनोभानले रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेज र आन्तरिक मन्त्री डायोस्डाडो क्याबेलोसँग भेट गरेको बताएको छ । अमेरिकी सेनाले तत्कालीन राष्ट्रपति निकोलस मादुरोलाई काराकसमा आश्चर्यजनक छापामा समातेर लागु-औषध तस्करीको आरोपको सामना गर्न अमेरिका ल्याएको केही हप्तापछि यो बैठक भएको हो ।

बैठकको क्रममा, दुबै देश अवैध लागुऔषध तस्करी, आतङ्कवाद र आप्रवासनको विरूद्ध लड्न द्विपक्षीय सहयोग एजेन्डा विकास गर्न काम गर्न सहमत भएको रोड्रिगेजको प्रेस अफिसबाट सामाजिक सञ्जाल एक्समार्फत जनाउनु भएको छ । मतभेद समाधान गर्न र सबै पक्षको हित र द्विराष्ट्रिय र क्षेत्रीय हितका सवाललाई सम्बोधन गर्ने संयन्त्र कूटनीति हुनुपर्ने बैठकले औल्याएको छ ।

## रौतहट-४....

सहभागिता देखिएको दाबी गरिएको छ। प्रतिनिधिसभा स्तरमा दलित समुदायबाट उम्मेदवारी पाउनु ऐतिहासिक अवसर भएकाले समुदाय एकजुट भएको प्रचार टोलीको भनाइ छ। स्थानीय अगुवाहरूका अनुसार यसपटक मतदाताले आफ्नो समुदायको प्रतिनिधि संसद्मा पठाउने दृढ मनस्थिति बनाएका छन्।

युवापुस्तासँगको प्रत्यक्ष संवादमा दासले रोजगारी सिर्जना, सीप विकास, गुणस्तरीय शिक्षा र पारदर्शी प्रशासनलाई प्राथमिक एजेन्डा बनाएका छन्। 'जेन-जी' पुस्ताको उल्लेखनीय समर्थन रहेको बताउँदै उनले भ्रष्टाचार नियन्त्रण, डिजिटल सेवा विस्तार र स्थानीय स्रोत-साधनको प्रभावकारी उपयोगमार्फत आर्थिक अवसर विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। विदेश पलायनलाई बाध्यता होइन, विकल्प बनाउने वातावरण निर्माण गर्नुपर्ने उनको जोड छ।

दासले मधेशको पहिचान, समावेशी सहभागिता र आरक्षणको अधिकारलाई संस्थागत र सुरक्षित बनाउने प्रतिवद्धता जनाएका छन्। सामाजिक विभेद, रंग-वर्णका आधारमा हुने असमानता तथा राजनीतिक उपेक्षाको अन्त्य उनका मुख्य चुनावी मुद्दा हुन्। ग्रामीण बस्तीमा अझै कायम गरिबी र पछौटेपन हटाउन शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारीका क्षेत्रमा विशेष कार्यक्रम ल्याइने उनले बताएका छन्। "अवस्था बदल्न व्यवस्थामा सुधार अनिवार्य छ," उनले मतदातासँगको भेटघाटमा दोहोऱ्याएका छन्।

यस क्षेत्रबाट विगतमा पटक-पटक निर्वाचित हुँदै आएका नेताहरूविरुद्ध परिवर्तनको लहर उठिरहेको सन्दर्भमा दासको उम्मेदवारीले चुनावी समीकरणलाई नयाँ दिशा दिएको छ। विभिन्न समुदायको समर्थन, मतदातासँग निरन्तर संवाद र घरदैलो अभियानमा देखिएको उत्साहले चुनावी प्रतिस्पर्धा झनै रोचक बनेको छ। पार्टी स्रोतका अनुसार रौतहट-४ मा जसपा नेपालको जनाधार बलियो रहेको र राजकुमार दासको व्यक्तिगत पकडका कारण जितको सम्भावना उच्च देखिएको छ।

निर्वाचन मिति नजिकिँदै जाँदा रौतहट-४ मा परिवर्तनको बहस तीव्र बन्दै गएको छ, र राजकुमार दासको उम्मेदवारी त्यस बहसको केन्द्रमा उभिएको छ। अब मतपेटिकाले नै जनताको अन्तिम निर्णय सार्वजनिक गर्नेछ।

## बारा-२....

अध्यक्ष निर्वाचित भइसकेका छन् भने प्रदेशसभाका विधायक बच्चा प्रसाद यादव बलियो जनाधारसहित सक्रिय रहेको बताइएको छ। अर्को प्रदेश सांसद स्वतन्त्र रूपमा निर्वाचित भए पनि पार्टीसँग निकट सम्बन्ध राख्दै चुनाव प्रचारमा खुलेर सक्रिय भएको जनाइएको छ। विश्लेषकहरूका अनुसार प्रदेशसभा 'क' र 'ख' दुवै क्षेत्रमा जसपा नेपालको प्रभावशाली उपस्थिति भएकाले प्रतिनिधिसभामा समेत मताधार सुदृढ हुने संकेत देखिएको छ।

पार्टीका जिल्ला अध्यक्ष तथा पचरौताका पूर्व मेयर रमेश यादवले पचरौतामा दोब्बर मतले अग्रता लिने दाबी गरेका छन्। त्यस्तै, देवताल गाउँपालिकामा जसपा नेपालको अध्यक्ष रहेको र स्थानीय तहमा संगठन सुदृढ भएकाले त्यस क्षेत्रबाट उल्लेख्य मत आउने केन्द्रीय सदस्य प्रयाग राय यादवको भनाइ छ।

स्थानीय विश्लेषणअनुसार बारा-२ मा करिब १ लाख १३ हजार मतदाता रहेका छन्। तीमध्ये मधेशी, दलित, मुस्लिम र आदिवासी समुदायको संयुक्त मत करिब ६० प्रतिशतभन्दा बढी रहेको आँकडा प्रस्तुत गर्दै पार्टी नेताहरूले समावेशी एकताले जित सुनिश्चित गर्ने दाबी गरेका छन्। पछिल्ला घरदैलो कार्यक्रमहरूमा जनलहको व्यापक सहभागिता देखिएको र युवा मतदाताको आकर्षण बढ्दो क्रममा रहेको प्रचार टोलीको भनाइ छ।

रामकिशोर यादवले शिक्षा, स्वास्थ्य, कृषि आधुनिकीकरण, सिँचाइ, सडक पूर्वाधार र युवालाई रोजगारी सिर्जना गर्ने स्पष्ट कार्यक्रम अघि सारेका छन्। भ्रष्टाचार नियन्त्रण, प्रशासनिक पारदर्शिता र स्थानीय स्रोत-साधनको प्रभावकारी उपयोगमार्फत क्षेत्रको विकास तीव्र बनाउने प्रतिबद्धता उनले व्यक्त गरेका छन्। निर्वाचन मिति नजिकिँदै जाँदा बारा-२ मा राजनीतिक प्रतिस्पर्धा चर्किएको छ। तर संगठनात्मक संरचना, स्थानीय तहको नेतृत्व, प्रदेशस्तरको समर्थन र व्यापक घरदैलो अभियानका आधारमा जसपा नेपालका उम्मेदवार रामकिशोर यादव यसपटक पनि बलियो स्थितिमा रहेको आकलन गरिएको छ। अन्तिम निर्णय भने मतपेटिकाले गर्नेछ, तर चुनावी मैदानमा यादवको अभियानले स्पष्ट रूपमा गति लिएको देखिन्छ।

## विश्वकप : श्रीलंकालाई उसकै मैदानमा जिम्बावेले हरायो

***काठमाडौँ, फागुन ७ गते ।*** आईसीसी टी-२० विश्वकपको समूह 'बी'मा रहेको जिम्बावे समूह विजेता बनेको छ। टी-२० विश्वकप २०२६ को आयोजक श्रीलंकालाई ६ विकेटले हराउँदै समूह विजेता बनेको हो । एक खेल अगाडि नै सुपर एट प्रवेश गरिसेका दुई टिमको प्रतिस्पर्धामा जिम्बावेले बाजी मारेको हो। सुरुमा ब्याटिङ गरेको श्रीलंकाले दिएको १७९ रनको लक्ष्य जिम्बावेले १९ ओभर तीन बल खेल्दा मात्र चार विकेट गुमाएर १८२ रन बनाएको हो । समूह चरणमा अपराजित जिम्बावे ७ अङ्क जोड्दै समूह विजेता बनेको हो सह-आयोजक श्रीलंका भने ६ अङ्क बनाउँदै समूहको उपविजेता बनेको छ । जिम्बावेको जितमा ब्रायन बेनेटले ४८ बलमा ६३ रनको महत्त्वपूर्ण अर्धशतकीय इनिङ खेल्नुभयो । कप्तान सिकन्दर राजाले २६ बलमा ४५ रन बनाउनुभयो। उहाँ प्लेयर अफ द म्याच बन्नुभयो । उसका लागि तडिवान्से मारुमनीले ३४ र रायन बर्लले २३ रन थप्नुभएको थियो । टस जितेर पहिले ब्याटिङ गरेको श्रीलंकाका लागि पथुम निसान्काले अर्धशतकीय इनिङ खेल्नुभयो । उहाँले ४१ बलमा ६२ रन बनाउनुभएको थियो ।




## पिप्राविर्तामा...

स्थानिय भरोस राउत र हिरालाल दासले जानकारी गराए। यसैसगरि पिफरविर्ता चोक नहर मै हप्तेपिच्छे सटर काटी ान र नगद चोरि भएको भयो। विषाधी र रासायनिक मलको पसलमा सटर काटेर चोरेको पसले राजाबाब पटेकके बताए। यसैगरी मंसिर तिर चोक मै रहेको सुदिश पटेलको औषधी पसलमा चोरि भयो।राती कोही मान्छे नभएपछि खाजा पसलमा समेत चोरिको घटना बढेको बताए। अहिले फेरि त्यही ढाँचामा चोरी हुनु संगठित गिरोह सक्रिय रहेको संकेतका रूपमा हेरिएको छ।

मोटरसाइकल चोरीका घटना झन् चिन्ताजनक छन्। केही हप्ता अघि सोनालाल राउत कुर्मीको आई-२० मोटरसाइकल घरबाटै चोरी भयो। सँगै राखिएको बुलेट मोटरसाइकलको लक तोड्न नसक्दा जोगिएको पीडितले बताए। साउन-भदौ महिनातिर प्रदीप दासको नयाँ सुजुकी मोटरसाइकल घरअगाडिबाटै मध्यरातमा चोरी भयो। शंकास्पद व्यक्तिलाई पक्राउ गरिएको भनिए पनि जिल्ला प्रहरी कार्यालयबाट सहजै छुटेको र हालसम्म मोटरसाइकल फेला नपरेको गुनासो छ। माघ महिनामा सरस्वती पूजाअघि कञ्चनपुर टोलमा विवाहमा आएका कुटुम्बको भारतीय मोटरसाइकल घरअगाडिबाटै चोरी भएको थियो। दुई हप्ता अघि मोतिवाग क्षेत्रमा दिउँसै २ बजे घरअगाडिबाट पल्सर मोटरसाइकल चोरी भएपछि स्थानीयमा थप त्रास फैलिएको छ। स्थानीयका अनुसार नियमित प्रहरी गस्ती नहुनु, अनुसन्धान फितलो हुनु र पक्राउ परेकाहरू पहुँचका आधारमा छुट्ने प्रवृत्तिले चोरको मनोबल बढेको छ। सीमावर्ती क्षेत्र भएकाले प्रहरी बोर्डर क्षेत्रमा केन्द्रित भए पनि गाउँघरमा बढ्दो चोरी नियन्त्रण गर्न नसकिएको गुनासो छ। "घरअगाडि राखेको गाडी सुरक्षित छैन, रातभरि पालैपालो जाग्राम बस्नुपरेको छ," एक स्थानीयले बताए।

वडा अध्यक्ष दिलिप शुक्लाले मोटरसाइकल चोरी र सुरुङ काटी घरफोडीका घटनाले गाउँमा डर र त्रास फैलिएको स्वीकार गरे। उनले प्रहरीको सक्रियता बढ्नुपर्नेमा जोड दिँदै स्थानीयलाई पनि चनाखो रहन आग्रह गरेका छन्। "गाउँले आफैं जाग्राम बस्न बाध्य हुनु विडम्बना हो," उनले भने।

सुरक्षा निकायले समयमै कडा गस्ती, प्राविधिक निगरानी र संगठित गिरोहमाथि निर्णायक कारबाही नगरे पिप्राविर्ता मात्र होइन, समग्र क्षेत्रमै मोटरसाइकल चोरी नियन्त्रणबाहिर जाने खतरा बढ्दै गएको देखिन्छ। नागरिकले अब आश्वासन होइन, ठोस परिणाम र सुरक्षित वातावरणको माग गरेका छन्।

## "घन्टी"बाट...

दाबी गरिए पनि औपचारिक पुष्टि भने भएको छैन। यद्यपि संस्थापक तहकै नेताको बहिर्गमनले कार्यकर्तामा अन्योल बढाएको र संगठनात्मक एकतामा असर पार्न सक्ने आँकलन गरिएको छ। मधेशजस्तो राजनीतिक रूपमा संवेदनशील भूगोलमा नेतृत्व अस्थिरता पार्टीका लागि दीर्घकालीन चुनौती बन्न सक्ने विश्लेषकहरूको भनाइ छ।

उता काँग्रेसका लागि भने शर्माको प्रवेश रणनीतिक रूपमा लाभदायक ठहरिन सक्छ। मधेशमा संगठन सुदृढीकरण र प्रभाव विस्तारको प्रयास गरिरहेको काँग्रेसले रास्वपाबाट आएका असन्तुष्ट शक्ति समेट्ने अवसर पाएको देखिन्छ। शर्मासँग रहेको स्थानीय सञ्जाल र संगठनात्मक अनुभवले बारामा काँग्रेसको प्रभाव थप विस्तार हुन सक्ने अनुमान गरिएको छ।

समग्रमा, ममता शर्माको निर्णयले बारामा मात्र होइन, मधेश प्रदेशको राजनीतिक समीकरणमै नयाँ बहस र पुनःध्रुवीकरणको संकेत दिएको छ। अब रास्वपाले संगठन जोगाउन कस्तो कदम चाल्छ र काँग्रेसले नयाँ नेतृत्वलाई कति प्रभावकारी रूपमा उपयोग गर्छ भन्ने विषयले आगामी दिनको राजनीतिक दिशा निर्धारण गर्ने देखिन्छ।

## कांग्रेस...

उपसभापति विश्वप्रकाश शर्माले स्थिर सरकार र सुशासनका लागि दलहरूबीच साझा धारणा निर्माण गर्न तयार रहेको बताए। अर्की उपसभापति पुष्पा भुषालले भने, "पार्टीलाई परिवर्तनको माध्यम बनाएर मुलुक बदल्ने हाम्रो लक्ष्य हो। अहिलेको चुनाव संघीयता विरोधी र पक्षपाती शक्तिबीचको संघर्षमा आधारित छ, जसलाई कांग्रेसले सम्बोधन गर्ने छ।"

प्रतिज्ञासभामा धनुषा-४ का उम्मेदवार महेंद्र यादव, पार्टीकी केन्द्रीय सहमहामन्त्री मुक्ता यादव, र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेशकी संस्थापक सभापति ममता शर्माले पनि शुभकामना मन्तव्य राखे। ममता शर्माले रास्वपाबाट परित्याग गर्दा पार्टीको नीति कमजोर नेतृत्वका कारण बिग्रिएको टिप्पणी गरे।

यस प्रकार, सभापति थापाको प्रतिज्ञा केवल चुनावी घोषणापत्र नभई भदौ घटनापछि देशमा स्थिरता ल्याउने, युवा असन्तोष रोक्ने र नागरिकको सम्मान सुनिश्चित गर्ने रणनीतिको संकेत पनि हो। कांग्रेसले आगामी पाँच वर्षमा आफ्नो नेतृत्वमा विकास, परिवर्तन र सामाजिक न्यायको कार्यान्वयन गर्ने प्रतिवद्धता देखाएको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# समृद्धिको रोडम्यापसहित एमालेको घोषणापत्र सार्वजनिक, पहिलो बैठकबाटै ११ निर्णय गर्ने प्रतिबद्धता

***काठमान्डौं । ७ फागुन,***
नेकपा एमालेले 'समृद्ध नेपाल, सुखी नेपाली-राष्ट्रिय आकांक्षा हाम्रो गन्तव्य' मूल नारासहित आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। काठमाडौंमा आयोजित कार्यक्रममा पार्टी अध्यक्ष केपी शर्मा ओलीले डिजिटल माध्यमबाट घोषणापत्र सार्वजनिक गर्दै राजनीतिक स्थिरता, सुशासन र तीव्र आर्थिक रूपान्तरणलाई केन्द्रीय एजेण्डाका रूपमा अघि सारे।




घोषणापत्रमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितको रक्षा कुनै पनि अवस्थामा कमजोर हुन नदिने स्पष्ट प्रतिबद्धता जनाइएको छ। अशान्ति, असुरक्षा र अव्यवस्थाका स्रोत अन्त्य गरी नागरिकलाई भयमुक्त वातावरणमा जीवनयापन गर्ने आधार तयार पार्ने संकल्प दस्तावेजमा समेटिएको छ। एमालेले सिंगो देशलाई समृद्धि र सम्मुनतिको गन्तव्यसम्म पुऱ्याउने दीर्घकालीन दृष्टिकोण प्रस्तुत गरेको छ।

कार्यक्रममा अध्यक्ष ओलीले देशको विकास यात्रामा सबैभन्दा ठूलो अवरोध राजनीतिक अस्थिरता भएको उल्लेख गर्दै आगामी निर्वाचनलाई स्थायित्व र समृद्धिको जनमत संग्रहका रूपमा व्याख्या गरे। लोकतन्त्रका आधारभूत मूल्य-मान्यतामा कुनै सम्झौता नगर्ने स्पष्ट पार्दै उनले निर्वाचनपछि बन्ने सरकारको पहिलो मन्त्रिपरिषद् बैठकबाटै समयसीमा तोकी ११ महत्त्वपूर्ण निर्णय कार्यान्वयनमा लैजाने घोषणा गरे।

आर्थिक एजेण्डातर्फ एमालेले दैलेखको ग्यासको व्यावसायिक उत्पादन सुरु गर्ने, धौवादी फलाम खानीबाट उत्पादन थाल्ने, आयात प्रतिस्थापन गर्दै निर्यात वृद्धि गर्ने र भुक्तानी सन्तुलनलाई राष्ट्रिय हितअनुकूल बनाउने लक्ष्य अघि सारेको छ। ऊर्जा, उद्योग र पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै रोजगारी सिर्जना र आत्मनिर्भर अर्थतन्त्र निर्माणतर्फ केन्द्रित हुने दस्तावेजमा उल्लेख छ।

ओलीले भदौ २४ गतेको 'महाविनाश' प्रसंग उठाउँदै राष्ट्रिय अस्तित्वमाथि हुने योजनाबद्ध आक्रमणप्रति सचेत रहनुपर्ने बताए। एमाले विचारहीन स्टन्टभन्दा स्पष्ट नीति, सुशासन र परिणाममुखी कार्यशैलीमा विश्वास गर्ने दल भएको उनको दाबी थियो। एमालेको घोषणापत्रले राजनीतिक स्थायित्व, राष्ट्रियता र आर्थिक आत्मनिर्भरताको सन्देश एकसाथ दिन खोजेको देखिन्छ। अब मतदाताले यो दृष्टिकोणलाई कत्तिको विश्वास गर्छन् भन्ने प्रश्न आगामी निर्वाचनले तय गर्नेछ।

# कर्णालीबाट रास्वपाको "वाचापत्र" सार्वजनिक, सुशासनदेखि दोहोरो नागरिकतासम्मका प्रतिबद्धता

***७ फागुन , सुर्खेत/ काठमाडौं ।***
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधि सभा निर्वाचनका लागि सय बुँदे 'वाचापत्र' सार्वजनिक गरेको छ। परम्परागत घोषणापत्रभन्दा फरक शैली अपनाउँदै पार्टीले यस दस्तावेजलाई 'वाचापत्र' नाम दिएको हो, जसलाई उसले जनतासँगको प्रत्यक्ष प्रतिबद्धताका रूपमा प्रस्तुत गरेको छ। कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आयोजित विशेष कार्यक्रममा सभापति रबिबलामिछाने, वरिष्ठ नेता बालेन शाह लगायतका नेताहरूको उपस्थितिमा वाचापत्र सार्वजनिक गरिएको थियो।



वाचापत्रमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई मुख्य प्राथमिकतामा राखिएको छ। सरकारी सेवामा डिजिटल प्रणाली विस्तार गर्दै सेवा प्रवाहलाई छरितो र पारदर्शी बनाउने योजना अघि सारिएको छ। प्रशासनिक झन्झट घटाई नागरिकमैत्री शासन प्रणाली निर्माण गर्ने प्रतिबद्धता दस्तावेजमा उल्लेख छ। युवालाई उद्यमशीलतामा प्रोत्साहन, स्टार्टअप र नवप्रवर्तनलाई सहजीकरण तथा स्थानीय उत्पादनको बजारीकरणमार्फत रोजगारी सिर्जना गर्ने लक्ष्य पनि समेटिएको छ।

शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार, सार्वजनिक विद्यालय तथा अस्पताल सुदृढीकरण र कृषि-पर्यटनलाई उत्पादनमुखी बनाउने नीति पनि वाचापत्रमा उल्लेख गरिएको छ। कर्णाली प्रदेशका लागि विशेष पूर्वाधार कार्यक्रम सञ्चालन गर्ने, सडक, ऊर्जा र सञ्चार विस्तारलाई तीव्रता दिने तथा पछाडि पारिएका क्षेत्रलाई प्राथमिकतामा राख्ने योजना प्रस्तुत गरिएको छ।

रास्वपाले 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने भावनालाई कदर गर्दै केही विशिष्ट अपवादबाहेक सिद्धान्ततः दोहोरो नागरिकताको पक्षमा उभिने जनाएको छ। गैरआवासीय नेपालीको सम्पत्ति अधिकारमा रहेका प्रशासनिक झन्झट हटाउने र लगानीमैत्री वातावरण निर्माण गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ। कर्णालीबाट वाचापत्र सार्वजनिक गर्नुले भौगोलिक रूपमा पछाडि पारिएको क्षेत्रलाई राजनीतिक प्राथमिकतामा राख्ने सन्देश दिन खोजिएको विश्लेषण गरिएको छ। रास्वपाले सुशासन, पारदर्शिता र नयाँ राजनीतिक संस्कारमार्फत मतदातामाझ वैकल्पिक शक्ति बन्ने दाबी गरेको छ। अब यी प्रतिबद्धताहरूलाई जनताले कत्तिको विश्वास गर्छन् र निर्वाचन परिणाममा कस्तो प्रभाव पर्छ भन्ने विषय आगामी दिनले तय गर्नेछ।

# माधव नेपालले सक्रिय चुनावी राजनीतिबाट संन्यास लिने घोषणा

***संवाहक सम्वादाता***-*७ फागुन, कलैया*
नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले अब आफ्नो सक्रिय चुनावी राजनीतिबाट बाहिरिने घोषणा गरेका छन्। बिहीबार आफ्नो गृहजिल्ला रौतहटको गौरमा पत्रकारहरूसँग कुरा गर्दै उनले स्पष्ट पारेका छन् कि आगामी दिनमा उनी कुनै पनि निर्वाचनमा उम्मेदवार नबन्नेछन्। उनले भने, "मेरो अन्तरात्माले अब चुनावी राजनीति छोड्नुपर्छ भन्छ। यसपटकको निर्वाचन मेरो लागि अन्तिम चुनावी प्रतिस्पर्धा हुनेछ।" लामो राजनीतिक यात्रापछि विश्राम लिनु आवश्यक भएको उनी बताउँछन्।



नेता नेपालले आफ्नो भविष्यका योजनाहरू पनि सार्वजनिक गरे। उनले अबको समय अध्ययन, लेखन, देश-विदेश भ्रमण र सामाजिक सेवामा व्यतित गर्ने बताए। उनका अनुसार, राजनीतिक जीवनको सक्रिय भागबाट बाहिरिएपछि उनी व्यक्तिगत विकास र समाजसेवामा ध्यान दिन चाहन्छन्। यसरी उनले आफ्नो अनुभव र ज्ञानलाई समाज र राष्ट्रका लागि सकारात्मक रूपमा प्रयोग गर्ने योजना बनाएका छन्।

यसैबीच, उनले आफू विरुद्ध चलिरहेको पतञ्जली जग्गा प्रकरणलाई राजनीतिक प्रतिशोधको रूपमा चित्रण गरे। उनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीमाथि आरोप लगाए कि ओलीले आफूलाई सिँध्याउने नियतले यस्तो षड्यन्त्र बुनेको हो। नेता नेपालले थपे, "ओलीले मलाई मात्र नभई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायत मेरो विरोध गर्ने अन्य दलहरूलाई पनि नछाडेको र संकुचित राजनीति गरिरहेको देखिन्छ।" हाल माधव नेपाल रौतहट क्षेत्र नं. १ बाट प्रतिनिधि सभा सदस्यका लागि चुनावी प्रतिस्पर्धामा छन्। उनका विरुद्ध विशेष अदालतमा पतञ्जली योगपीठको जग्गा सम्बन्धी भ्रष्टाचार मुद्दा विचाराधीन छ। उनले यो चुनाव आफ्नो अन्तिम चुनाव हुने दावी गरेका छन्। राजनीतिक विश्लेषकहरूको दृष्टिमा, उनको सक्रिय चुनावी राजनीतिबाट बाहिरिनु व्यक्तिगत निर्णय मात्र नभई पार्टी भित्रको विवाद, प्रतिशोधपूर्ण आरोप-प्रत्यारोप र राजनीतिक दबाबसँग पनि सम्बन्धित देखिन्छ।

नेता नेपालले आगामी दिनमा आफ्नो समय लेखन, अध्ययन र सामाजिक सेवामा केन्द्रित गर्ने योजना बनाएका छन्। यसरी उनी आफ्नो राजनीतिक जीवनपछि पनि समाजमा योगदान दिन चाहन्छन्, र यसले उनको सक्रिय राजनीतिबाट बाहिरिएपनि राष्ट्र र जनतालाई सन्देश दिनेछ।

# प्रजातन्त्र दिवसमा टुँडिखेलमा विशेष कार्यक्रम, बारा सहित देशभर विविध समारोह

***७ फागुन , काठमाडौं-***
देशभर प्रजातन्त्र दिवसको अवसरमा विविध कार्यक्रम आयोजना गरेर मनाइँदै छ। यो दिवस २००७ सालको जनक्रान्ति सम्झनामा मनाइन्छ, जसले शहीद दशरथ चन्द, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र शुक्रराज शास्त्री जस्ता क्रान्तिकारीहरूको जीवन उत्सर्ग मार्फत निरङ्कुश राणा शासनको अन्त्य गरेको दिनको स्मरण गराउँछ। काठमाडौँमा सैनिक मञ्च टुँडिखेलमा मुख्य समारोह समिति विशेष कार्यक्रम आयोजना गरेको छ। कार्यक्रममा प्रजातान्त्रिक मूल्य र व्यवहारलाई संस्थागत गर्ने २००७ सालको जनक्रान्तिको महत्व, लोकतन्त्रको आधार र नागरिक अधिकारको अभ्यासलाई केन्द्रमा राखिएको छ। सहभागीहरूले शहीदहरूको बलिदान सम्झँदै लोकतन्त्र र स्वतन्त्रताको संरक्षणमा सचेत रहनुपर्ने सन्देश दिएका छन्। प्रदेश तथा स्थानीय तहमा पनि प्रजातन्त्र दिवसको अवसरमा विभिन्न सांस्कृतिक र राजनीतिक कार्यक्रम सञ्चालन भएका छन्।



बारा जिल्लामा पनि विद्यालय, नगरपालिका तथा स्थानीय संस्थाहरूले विशेष सभासमेत आयोजना गरेर नागरिकलाई लोकतन्त्र र अधिकारको महत्त्वबारे जानकारी दिएको स्थानीय स्रोतले जनाएको छ।

समारोहमा संविधान, मानवअधिकार, शिक्षा र सामाजिक न्यायसँग सम्बन्धित विविध कार्यक्रम प्रस्तुत गरिएको थियो। सहभागीहरूबीच झाँकी, सांगीतिक प्रस्तुति, वक्तव्य तथा सांस्कृतिक नृत्यमार्फत प्रजातान्त्रिक मूल्यलाई उजागर गर्ने प्रयास गरिएको थियो। प्रजातन्त्र दिवसले देशका नागरिकलाई लोकतन्त्र र जनअधिकारको संरक्षणमा अझ सक्रिय र सचेत बनाउने उद्देश्य राख्दछ। यस अवसरमा देशभरि गरिएको कार्यक्रमहरूले नागरिकको राजनीतिक चेतना र सहभागिता बढाउने अपेक्षा गरिएको छ।


जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



